मिति २०८१/०३/०७ गते आ.ब.०८०/०८१ को नगर कार्यपालिकाको सोह्रौं कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | आ.ब.२०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा । | • यस नगरपालिकाको आगामी आ.ब.२०८१/०८२ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगर सभामा पेश गर्ने । |
| २. | आर्थिक विधेयक २०८१ सम्बन्धमा । | • आर्थिक विधेयक २०८१ स्वीकृत गरी नगर सभामा पेश गर्ने । |
| ३. | बजेट वक्तव्य तथा विनियोजन विधेयक २०८१ सम्बन्धमा । | • यस नगरपालिकाको आगामी आ.ब.२०८१/०८२ को बजेट वक्तव्य तथा विनियोजन विधेयक २०८१ स्वीकृत गरी नगर सभामा पेश गर्ने । |
| ४. | ऐन संशोधन सम्बन्धमा । | • दक्षिणकाली धार्मिक तथा साँस्कृतिक क्षेत्र विकास ऐन, २०७९ को संशोधन प्रस्ताव स्वीकृत गरी नगर सभामा पेश गर्ने । |
| ५. | महालेखा परिक्षण प्रतिवेदन र सम्परिक्षण सम्बन्धमा । | • यस नगरपालिकाको आ.ब.२०७९/०८० को महालेखापरिक्षकको कार्यालयबाट भएको अन्तिम लेखा परिक्षण प्रतिवेदन र बेरुजु सम्परिक्षण प्रस्ताव स्वीकृत गरी नगर सभामा पेश गर्ने । |
| ६. | न्यायिक समितिको प्रगति प्रतिवेदन सम्बन्धमा । | • यस नगरपालिकाको न्यायिक समितिले चालु आ.ब.२०८०/०८१ मा सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन स्वीकृत गरी नगर सभामा पेश गर्ने । |
| ७. | आय ठेक्का सम्बन्धमा । | • यस नगरपालिकाको आ.ब.२०८१/०८२ को लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए अनुसार यस नगर क्षेत्र भित्र पर्ने निर्माणमूखी कच्चा पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र माटो) लगायतका प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर उठाउन, यस नगरपालिका क्षेत्रभित्र पर्ने ढुङ्गा, गिट्टी, ग्रावेल, बालुवा र माटो लगाएतको प्राकृतिक स्रोतको संकलन तथा बिक्री गर्ने कार्यको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त बोलपत्रको माध्यमबाट गर्नको लागी स्थानीय राजश्व परामर्श समितिको मिति २०८१/०२/२७ गतेको सिफारिस बमोजिम यस नगरपालिका भित्रको स्वीकृत खानी लगाएत अन्य स्रोतबाट उत्खनन् हुने ढुङ्गा, गिट्टी, ग्रावेल र बालुवा लगाएतको साधारण निर्माणमुखी खनिज पदार्थको प्रति घन फिट रु.९।- र माटोको प्रति घन फिट रु.३।५० का दरले जम्मा न्यूनतम अंक रु.१,७७,१०,०००।- (एक करोड सतहत्तर लाख दश हजार रुपैयाँ) (कर बाहेक) कायम गरी दक्षिणकाली नगरपालिकाको आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम आन्तरिक आय संकलन ठेक्काको सुचना प्रकाशन गर्ने ।<br>• आगामी आ.ब.२०८१/०८२ को लागि यस नगरपालिका क्षेत्र भित्र कवाडी कर संकलन गर्ने सम्बन्धमा स्थानीय राजश्व परामर्श समितिको मिति २०८१/०२/२७ गतेको सिफारिस बमोजिम न्यूनतम अंक रु.१०,००,०००।- (दश लाख रुपैयाँ) (कर बाहेक) कायम गरी दक्षिणकाली |

| | | |
|---|---|---|
| | | नगरपालिकाको आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम आन्तरिक आय संकलन ठेक्काको सुचना प्रकाशन गर्ने । |
| ८. | मनमोहन स्मृति सामुदायिक अस्पतालको नविकरण सम्बन्धमा । | • यस नगरपालिका वडा नं.६ मा रहेको मनमोहन स्मृति सामुदायिक अस्पतालको नविकरण सम्बन्धमा अनुगमन समिति, स्वास्थ्य शाखा तथा प्रशासन शाखाबाट समेत प्राप्त राय अनुसार तत्काल र चालु आ.ब. भित्र सुधार गर्नु पर्ने कार्यहरु सुधार गर्ने गरी मिति २०८१ असार मसान्त सम्मका लागि शर्त सहित नविकरण गर्ने । |
| ९. | जग्गा खण्डिकरण कार्यविधि सम्बन्धमा । | • यस नगरपालिका क्षेत्रमा हुने जग्गा खण्डिकरण तथा प्लटिङ्ग कार्यलाई व्यवस्थित तथा नियमित गर्नका लागि मस्यौदा तयार भई विधेयक समितिबाट सिफारिस भई आएको दक्षिणकाली नगरपालिकाको जग्गा खण्डिकरण/प्लटिङ्ग सिफारिस सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने । |
| १०. | शेषनारायण बृहत खानेपानी आयोजना सम्बन्धमा । | • यस नगरपालिका वडा नं.५ र ६ लक्षित शेषनारायण बृहत खानेपानी आयोजनाको निर्माण कार्य भिमेश्वर शैलुङ्ग जे.भि., सुर्यविनायक -३, भक्तपुरद्वारा सम्पन्न भएको भनि अन्तिम भुक्तानी माग भएपनि मुल्याङ्कन रकम हेर्दा ७९.५% मात्र प्रगति रहेको र उक्त कार्यको मुल्याङ्कन अनुसार बिल रकम र **BOQ** मा उल्लेख भए अनुसार पाईपलाईन खन्ने र पुर्ने काम स्थानीयको जग्गामा खन्न र पुर्न अवरोध भएका कारणले सम्भव नभएको भनि ५ र ६ नं.वडा कार्यालयको क्रमशः मिति २०८०/०६/०५ र २०८०/०७/२३ को पत्रबाट समेत जानकारी सहित सिफारिस भई आएको र मिति २०८१/०२/२१ गते नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गर्दा समेत सो व्यहोरा एकिन भएकोले उक्त ठेक्कालाई बन्द गरी मुल्याङ्कन अनुसारको अन्तिम बिल रु.३१,००,४५३।९४ (एकतिस लाख चार सय त्रिपन्न रुपैयाँ चौराननब्बे पैसा) (कर बाहेक) बिल चेक जाँच गरी भुक्तानी दिने । |
| ११. | विविध । | • मिति २०८१/०३/०४ गते बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक बस्दा बस्दै ५ नं.वडा अध्यक्ष श्री श्याम बहादुर खत्रीको एकाएक स्वास्थ्यमा असहज भई तत्काल चेकजाँच गर्दा अस्पताल भर्ना हुनु परेकोले निजको स्वास्थ्य लाभको कामना गर्ने ।<br>• बालबालिकाको हक हितको रक्षा र संरक्षण गर्नका लागि यस नगरपालिकाको क्षेत्रभित्र रहेका सडक बालबालिका तथा आश्रयबिहीन बालबालिकाको तथ्याङ्क संकलन गरिएकोमा सम्पूर्ण वडाहरुबाट कुनै पनि वडामा आश्रयबिहीन एवं सडक बालबालिका नभएको जानकारी प्राप्त भएको हुदाँ दक्षिणकाली नगरपालिका आश्रयबिहीन एवं सडक बालबालिका मुक्त नगरपालिका घोषणा गर्ने । |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत